# मन्डला थिएटर भ्रमण सहजीकरणका लागि हाते पुस्तिका

तपाईंलाई मन्डला नाटकघरमा हार्दिक स्वागत छ । आउनुहोस् केही बेर हामी सँगसँगै मन्डला नाटकघर घुमौं ।

**सहजताका लागि वेभसाईट र ईमेल**

थिएटर फेस्टिभल भरी हुने नाटक तथा अन्य कार्यक्रमको जानकारीको लागि तपाईले हामीलाई awareness@nitfest.org मा ईमेल गर्न सक्नुहुनेछ ।

नाट्य महोत्सव भरी अपाङ्गता भएका व्यक्तिहरु लक्षित पहुँचयुक्तताका बारे जानकारीका तपाईले https://nitfest.org/accessibility  बाट पाउन सक्नुहुनेछ ।

## अब मन्डला थिएटरमा तपाईको भ्रमणको लागि तयारी गरौ

तपाईले यो जानकारी आफ्नो प्रयोजनको लागि अधिकतम प्रयोग गर्न सक्नुहुनेछ । यसमार्फत तपाईले मन्डला थिएटरको परिसरबारे जानकारी प्राप्त गर्न सक्नुहुनेछ । यो हातेपुस्तिकामा तपाईले मन्डला थिएटर परिसरमा रहेका भवनहरु र तपाई जानुपर्ने ठाँउहरुबारे जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

# मन्डला थिएटरसम्म जाने बाटोको जानकारी बारेमा

सबैभन्दा पहिला तपाईको जानकारीका लागि हामी अहिले अनामनगरबाट बानेश्वर नजिकैको थापागाँउ सरेका छौ । अहिलेको मन्डला थिएटर बानेश्वर व्यांक्वेटदेखि २०० मिटर उत्तरमा रहेको लाखेचौर मार्ग, थापागाँउ, बानेश्वरमा पर्दछ ।

यदि तपाई यातायातको प्रयोग गरी मन्डला थिएटर आउन चाहनुहुन्छ भने निम्न जानकारीको प्रयोग गर्नुहुन हामी अनुरोध गर्दछौ ।

- तपाई यदि काठमान्डौको चक्रपथ (रिंग रोड) मा हुनुहुन्छ भने महाराजगंज, वालुवाटार, पुतलीसडक, अनामनगर, थापागाँउ, नयाँ बानेश्वर र कोटेश्वरको बाटो हुदै चल्ने सार्वजनिक यातायात, नेपाल यातायातको प्रयोग गरी थापागाँउ आएर मन्डला थिएटरसम्म आउन सक्नुहुनेछ ।

- सुन्धारा बाट तपाई आउदै हुनुहुन्छ भने, रत्नपार्क, भद्रकाली, सिंहदरबार, पुतलीसडक (न्यू प्लाजा), अनामनगर, थापागाँउ, नयाँ बानेश्वरको बाटो हुदै पुरानो बानेश्वरसम्म चल्ने हरियो टेम्पो, सफा टेम्पोको प्रयोग गर्दै मन्डला थिएटर सम्म आईपुग्न सक्नुहुनेछ ।

दुवै सार्वजनिक यातायातको प्रयोग गर्दा तपाई थापागाँउ अवस्थित बानेश्वर व्यांक्वेटछेउ ओर्लनुपर्नेछ । तपाईले त्यहाँ आसपास मन्डला थिएटर जाने बाटो देखाईएको एउटा बोर्ड देख्नुहुनेछ । छेउछाउका पसल तथा रेस्टुरेन्टमा सोध्नुभयो भने पनि तपाईलाई मन्डला थिएटरसम्म आउने बाटो उनीहरुले देखाईदिनेछन् । मन्डला थिएटरसम्म आईपुग्ने नक्सा तपाईले गुगल म्यापमा पनि भेट्न सक्नुहुनेछ ।

तपाई मन्डला थिएटर आउनको लागि आफ्नै सवारी साधन तथा अन्य सवारी साधनका विकल्पहरु जस्तै, ट्याक्सी, पठाओ, टुटल, ईन ड्राईभर लगायत प्रयोग गरेर पनि आउन सक्नुहुनेछ ।

**सहजीकरणका लागि स्वयंसेवकहरु**

- तपाईको सहजीकरणलाई स्वयंसेवकहरु मन्डला परिसरमा रहेको सूचना डेस्कमा उपलब्ध रहेका छन् जोसँग तपाईले आफ्नो सहजताको लागि सम्पर्क गर्न सक्नुहुनेछ ।
- तपाईको सहजीकरणका लागि उपलब्ध स्वयंसेवकहरुले तपाईलाई मन्डला परिसर बारे जानकारीका साथै तपाईलाई आवश्यक सहयोग प्रदान गर्नेछन् ।
- अपाङ्गता भएका दर्शकहरूले पहुँचसम्बन्धी जानकारी लिन वा सहयोग लिन उपलब्ध स्वयंसेवकहरु –– सँग सम्पर्क गर्न सक्नुहुनेछ ।

**मन्डला थिएटर परिसरबारे**

मन्डला थिएटर हाल करिब २ रोपनी जग्गामा फैलिएको छ ।

**मन्डला थिएटर परिसरमा:**

- दुईटा थिएटर हल (मन्डला थिएटर र मन्डला स्टुडियो) रहेका छन् ।
- पहिलो तल्लामा एउटा क्यफेटेरिया रहेको छ ।
- दोश्रो तल्लामा एउटा रुफटप रेस्टुरेन्ट रहेको छ ।

- एउटा भवन जहाँ ५ वटा कोठाहरु रहेका छन् । यी ५ वटा कोठाहरुमध्य भुईतल्लामा कलाकारहरुको लागि बस्ने एउटा कोठा रहेको छ भने बाँकी कोठाहरुमा एउटा बैठक कोठा, ३ वटा कार्यालयका कोठाहरु र सबैभन्दा माथिल्लो तलामा एउटा भान्साकोठा रहेको छ ।
- सार्वजनिक प्रयोजनका लागि आठवटा शौचालयहरु रहेका छन् जसमध्य एउटा शौचालय अपांग मैत्री शौचालय हो ।

- तपाई मन्डला थिएटर प्रवेश गर्नेबित्तिकै **मन्डला आँगन** देख्न सक्नुहुनेछ जहाँ फेस्टिभलका विभिन्न कार्यक्रम तथा फेस्टिभल सत्रहरु सन्चालित हुनेछन् ( यसलाई पहिला भने कार पार्किंगको लागि प्रयोग गर्ने गरिन्थ्यो) । तपाईको अगाडी मन्डला को कार्यालय रहेको भवन हुनेछ र तपाईको वाँयापट्टि आठवटा सार्वजनिक शौचालयहरु रहेका छन् जसमध्य एउटा चै अपांग मैत्री शौचालय हो ।
- तपाईले आफ्नो वाँयापट्टि एउटा स्टिलको भर्यांग देख्न सक्नुहुनेछ जसको प्रयोग गर्दै तपाई पहिलो तल्लामा रहेको टिकट काउन्टर र क्याफेटेरिया पुग्न सक्नुहुनेछ । मन्डलाको टिकट काउन्टर विहानको ११ बजे खुल्नेछ र त्यहाँ तपाईले नाटक हेर्नका लागि आवश्यक पर्ने टिकट लिन सक्नुहुनेछ । तपाईले आफ्नो टिकट सुरक्षित गर्नका लागि ०१ ५२४५१४७ मा फोन पनि गर्न सक्नुहुनेछ ।
- **ह्विलचेयर प्रयोगकर्ताहरुले स्टिलको भर्यांग प्रयोग गर्न सक्नेछैनन् त्यसैले तपाईले आफ्नोलागि टिकट वा क्याफेटेरियाबाट कफी चिया लगायतका आवश्यक चीजहरु हाम्रो स्वयंसेवक साथीहरुको सहयोगमार्फत लिन सक्नुहुनेछ ।**
- टिकट काउन्टरको वाँयापट्टि एउटा सानो बैठक कोठा छ जसमा नाटकघरमा पाहुना तथा नाटकघरका कर्मचारीहरुले आफ्नो आवश्यक प्रयोजनको लागि प्रयोग गर्दछन् ।

तपाईले क्याफेटेरिया मा बेकरी आईटम, कफी तथा चिया पाउन सक्नुहुनेछ । आर्टिस्ट क्याफेले एकपटकमा ५० जना पाहुनाहरुलाई सेवा प्रदान गर्न सक्छ । अचेल मौसम चिसो छ । तपाईले आर्टिस्ट क्याफेबाट आफ्नोलागि तातो कफी र मसला चियाको सेवा लिन सक्नुहुनेछ । क्याफेटेरिया छेउमा केही किताब, तथा मासिक पत्रिकाहरु समेत रहेका छन्, जुन तपाईसँग कफी टेवलमा तपाईको साथी बन्न आतुर छन् ।

क्याफेको छेउमा रहेको (पुरानो टिकट काउन्टर) हालको लागि भने कोशेली घरको रुपमा प्रयोग गरिएको छ जहाँबाट तपाईले किताब र हस्तकलाका सामानहरु उपहार स्वरुप किनेर लिएर जान सक्नुहुनेछ ।

**मन्डला थिएटर हल**

क्याफेटेरियाको पूर्वपट्टि र कोशेली घरको छेउमा तपाईको लागि विश्राम स्थल छ जहाँबाट तपाई मन्डला थिएटर हलमा जान सक्नुहुन्छ । यो ब्लाक बक्स थिएटर प्रायजसो नाटक प्रदर्शनका लागि प्रयोग गरिन्छ र यस हलमा एकैपटकमा १८० जनाले सेवा लिन सक्नेछन् । मंचको ठीक पछाडी रहेको दुईवटा ग्रीनरुमहरु, जसमध्य एउटा पुरुष ग्रीनरुम र अर्को चै महिला ग्रीनरुमको रुपमा प्रयोग गरिएको छ । मन्डला हलमा जाने माथिल्लो ढोकाको छेवैमा एउटा सानो स्टिलको भर्यांग छ जसको प्रयोग गरेर प्राविधिक कोठासम्म पुग्न सकिन्छ ।

**ह्विलचेयर प्रयोगकर्ताहरुले पनि मन्डला थिएटर हल प्रयोग गर्न सक्नेछन् । ह्विलचेयर प्रयोगकर्ताहरु मन्डला थिएटर हलसम्म पुग्नका लागि सोसियल स्पेशको बाटो हुदै जान सक्नेछन् ।**

## मन्डला स्टुडियो

मन्डला थिएटर हलभन्दा सानो मन्डला स्टुडियो पनि एउटा ब्लाक बक्स थिएटर हल हो जुन भुईतल्लाबाटै पुग्न सकिन्छ । मन्डलाको कार्यालय भवनको वाँयापट्टि र सोसल स्पेश ( जुन पहिला मोटरसाईकल पार्किंगको लागि प्रयोग गरिन्थ्यो) को दाँयापट्टिको सानो गल्लीको प्रयोग गर्दै मन्डला स्टुडियो पुग्न सकिन्छ । मन्डला स्टुडियोले एकपटक मा ६० जना दर्शकहरुलाई सेवा प्रदान गर्न सक्छ । तर कुशन र कार्पेटको प्रयोग गरिएको खण्डमा भने एकपटकमा ८० जना दर्शकहरुले यो हलबाट सेवा लिन सक्नेछन् । मन्डला स्टुडियो ग्रीनरुम भने मन्चको ठीक माथिपट्टि रहेको छ, जुन ब्याकस्टेजमा रहेको भर्यांगको प्रयोग गरेर पुग्न सकिन्छ । **ह्विलचेयर प्रयोगकर्ताहरुले पनि मन्डला स्टुडियोमा सहजपूर्वक नाटक हेर्न सक्नेछन् ।**

**टिकट जाँच गर्ने स्थानको बारे**

तपाईले टिकट काउन्टरबाट आफ्नो टिकट लिईसकेपछि, नाटक हेर्नुअगाडी नै तपाई नाटक हलमा छिर्नेबेलामा नाटकघरको ढोका देखाउन सक्नुहुनेछ । हलको ढोकामा रहेका हाम्रा स्वयंसेवक साथीहरुले तपाईको टिकट जाँच गरेर तपाईलाई नाटक हलभित्र जाने बाटो देखाउनेछन् ।

## महोत्सवभर टिकटमा पाईने छुट बारे

अपाङ्गता भएका दर्शकहरुका लागि हामीले विभिन्न प्रदर्शनहरुमा जम्मा १०० वटा टिकटमा छुट उपलब्ध गराएका छौ । तपाईले आफ्नो अपाङ्गता बारे जानकारी दिईएको परिचय पत्र टिकट लिने बेलामा टिकट काउन्टरमा देखाउनुभयो भने तपाईले आफ्नो छुट दावी गर्न सक्नुहुनेछ ।

### मुखुन्डो बारः

क्याफेटेरिया काउन्टरको ठीक अगाडी, दक्षिणतिर रहेको स्टिलको भर्यांगको बाटो प्रयोग गर्दै तपाई आफ्नो भोक मेटाउनका लागि मुखुन्डो बार पुग्न सक्नुहुनेछ । यो रेस्टुरेन्टले एकपटकमा बढीमा ५० जना पाहुनाहरुका लागी मीठो र स्वस्थ्य खानाका साथ सेवा प्रदान गर्न सक्दछ । मुखुन्डो बारमा रहेको काउन्टरको अगाडी छुट्टाछुट्टै ३ वटा शौचालयहरु रहेका छन् ।

**क्याफेटेरिया र रेस्टुरेन्ट क्रमशः पहिलो र दोश्रो तल्लामा रहेका कारण ह्विलचेयर प्रयोगकर्ताहरुका लागि भने त्यहाँसम्म पुग्ने सहज उपाय छैन । यसबाट पर्न गएको असुविधा प्रति मन्डला थिएटर तपाईसमक्ष माफी माग्न चाहन्छ । यद्यपी तपाईको लागि आवश्यक पेय पदार्थ तथा खाजाहरु तपाईको माग अनुसार तपाईलाई सोसियल स्पेशमै ल्याईदिन सकिने जानकारी समेत गराईन्छ ।**

## पार्किंगः

सामान्यतया, मन्डला परिसरमा तपाईको कार र मोटरसाईकल पार्किंगको लागि आवश्यक पर्याप्त स्थान रहेको छ । तर केही ठूला कार्यक्रम जस्तो कि अहिलेको अन्तराष्ट्रिय नाट्य महोत्सवको समयमा, मन्डला थिएटरले नजिकैको स्थानहरुमा पार्किंगको व्यवस्था मिलाएको छ । तपाईले पार्किंगको लागि मन्डला थिएटर नजिकैको पाठशाला स्कूलको पार्किंग स्थलमा आफ्नो सवारीसाधन राख्न सक्नुहुनेछ ।

पाठशाला स्कूलको पार्किंग स्थान मन्डला थिएटरको मुख्य प्रवेश स्थानबाट दायाँपट्टि करिव ५० मिटरको दुरीमा रहेको जानकारी गराउँदछौ ।

## मन्डला थिएटरको भ्रमण पश्चात

हाम्रो चाहना नै हाम्रा सम्पूर्ण पाहुना दर्शकहरुका लागि पहुँचयोग्य वातावरणको निर्माण गराउदै मन्डला थिएटरको भ्रमण सम्पूर्ण तरिकाबाट सहजयोग्य महसुस गराउनु हो । **यदि हामीबाट केही कमी कमजोरी भएको खण्डमा त्यो जानाजान नभई, हाम्रो अज्ञानताबस् त्यसो भएको बुझिदिनुहोला । तपाईलाई पर्न गएको सम्पूर्ण अप्ठ्यारोको लागि मन्डला थिएटर हृदयदेखि माफी माग्न चाहन्छ ।**

मन्डला थिएटर भ्रमण पश्चात हामी तपाईको अनुभव सुन्नका लागि व्यग्रताका साथ पर्खामा हुनेछौ । तपाईको अनुभवले हामीलाई आफ्ना कमजोरीहरु सुधार्नको लागि प्रेरित गर्नेछ । तपाईले आफ्नो महत्वपूर्ण सल्लाह तथा सुझाव सिधै हाम्रा स्वयंसेवक साथीहरुलाई बताउन सक्नुहुनेछ वा हामीलाई info@mandalatheatre.com मा ईमेल पनि गर्न सक्नुहुनेछ ।

मन्डला थिएटर भ्रमण गर्नुभएकोमा तपाईलाई धेरै धेरै धन्यवाद । हामीलाई आशा छ, तपाईको भ्रमण सुखद रह्यो । हामीलाई आगामी दिनहरुमा पनि अवस्य सेवा गर्ने मौका प्रदान गर्नुहोला । धन्यवाद ।